कञ्चन गाउँपालिका
गाउँ कार्यपालीकाको कार्यालय
५ नं प्रदेश, रुपन्देही, नेपाल

सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना
सूचना नं. KRM/WORK/२०/०७६/०७७
प्रथम पटक प्रकाशित मिति २०७६।११।२९

यस कार्यालयबाट गाउँपालिकाका विभिन्न स्थानका सडकमा प्रयोग गर्नको लागि विभिन्न साइजका ह्युम पाईप सप्लाई गर्नुपर्ने भएकोले इजाजत प्राप्त ह्युम पाईप उद्योगहरुको लागि निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरु :–

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि.कर दर्ता प्रमाण पत्र र अघिल्लो आ.ब. ०७५/०७६ को कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।
२. यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ (सोह्रौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे सिलबन्दी दरभाउपत्र दरभाउपत्रदाता वा दरभाउदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. सिलबन्दी दरभाउपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन आईसी एसिया बैक हरैया शाखाको धरौटी खाता नं BOCA503262524005 ग.३.१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको ***(सप्लाइ कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको)*** बिडबण्ड संलग्न हुनु पर्नेछ ।
४. सिलबन्दी दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र/सिलबन्धी दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।
५. दरभाउपत्रको मान्य अवधि ( Bid Validity period) ९०(नब्बे) दिनको हुनेछ ।
६. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानीने छ ।
७. सिलबन्दी दरभाउपत्रदाताले सप्लाई गर्ने स्थलको उपलब्धता समेत राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ ।
८. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।
९.दरभाउपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।
१०. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।
११. सिलबन्दी दरभाउपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
१२.यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपसिल

| सि.नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | साइज | दरभाउपत्र जमानत रु. (भ्याट सहित) | दरभाउपत्र दस्तुर रु. | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | KRM/WORK /२०/०७६/७७ | विभिन्न साईजको ह्युमपाईप खरिद तथा वितरण गर्ने कार्य | एन. पी ३ क्लास को २.५ मिटरको ह्युम पाइप<br>१. ४५ से. मी डाय ६० वटा<br>२. ३० से मी डाय ३४ वटा | ४००००/- | १०००/- | सिलबन्दी दरभाउपत्र | ह्युम पाईप निर्माण उद्योग |

२०७६।११।२९
.....................
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकिय अधिकृत